सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण


Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक ३० ♦ २०८३ साल कार्तिक २८ शनिवार ♦ 14 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेशका मुख्यमन्त्री यादवले शनिबार विश्वासको मत लिने

**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, बर्दिवास**



मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले शनिबार प्रदेशसभाबाट विश्वासको मत लिने भएका छन् ।

मुख्यमन्त्री यादवले विश्वासको मत लिने प्रयोजनका लागि सभामुख रामअशिष यादवले शनिबार प्रदेशसभा बैठक आह्वान गरेका छन् । बैठकको कार्यसूची तय गर्न शनिबार नै कार्यव्यवस्था परामर्श समितिको बैठक बस्ने सभामुख यादवले जानकारी दिएका छन् ।

सरकारमा सहभागी नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टीले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादव विश्वासको मत लिनुपर्ने अवस्थामा पुगेका हुन् । उनले विश्वासको मत लिने प्रयोजनका लागि बुधबार नै प्रदेशसभा सचिवालयमा औपचारिक पत्र पठाइसकेका छन् ।

विश्वासको मतका लागि आवश्यक बहुमत जुटाउन मुख्यमन्त्री यादव विभिन्न राजनीतिक दलका नेताहरूसँग छलफलमा जुटेका छन् । मतदान हुनुअघिसम्म सहमतिको प्रयास जारी रहने उनले बताएका छन् ।

नेपाली कांग्रेस नेतृत्वको सर कारलाई समर्थन गर्दै आएका एमालेका चार मन्त्रीले गत २५ असोजमा सामूहिक राजीनामा दिँदै समर्थन फिर्ता लिएका थिए । त्यसपछि सरकारमा सहभागी नेपाली कम्युनिस्ट पार्टीका चार मन्त्रीले पनि २० कार्तिकमा राजीनामा दिँदै सरकारलाई दिएको समर्थन

*बाँकी पृष्ठ ३ मा*

## भीमफेदी दुर्घटनाका मृतक परिवारलाई एक लाख राहत दिने मधेश सरकारको निर्णय



**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले कार्तिक २६ गते मकवानपुरको भीमफेदीमा भएको सडक दुर्घटनामा ज्यान गुमाएकाका परिवारलाई जनही एक लाख रुपियाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

मुख्यमन्त्री श्री कृष्ण प्रसाद यादवको अध्यक्षतामा शुक्रवार बसेको मधेश प्रदेश मन्त्रिपरिषद् बैठकले दुर्घटनामा मृत्यु भएकाका परिवारलाई राहत स्वरूप जनही एक लाख रुपियाँ उपलब्ध गराउने निर्णय गरेको मुख्यमन्त्रीका प्रेस संयोजक सुरेश यादवले जानकारी दिनुभयो ।

बैठकले दुर्घटनामा घाइते भएकाहरूको उपचार प्रादेशिक अस्पतालमा निःशुल्क गर्ने व्यवस्था मिलाउने निर्णयसमेत गरेको छ ।

त्यसैगरी, लामो समयदेखि अवरुद्ध मधेश प्रदेशसभाको बैठक कात्तिक २८ गतेदेखि सुचारु गराउन प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।

प्रदेशसभा बैठक सञ्चालनका लागि आवश्यक प्रक्रिया अघि बढाउन प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णयसँगै प्रदेशसभाको बैठक पुनः सञ्चालन हुने बाटो खुलेको छ ।

## अतिक्रमित सरकारी जग्गा खाली गराउन सुरक्षा माग्दै गौशाला नगरपालिका

**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, बर्दिवास**




महोत्तरीको गौशाला नगर पालिकाले अतिक्रमणमा परेको सरकारी जग्गा खाली गराई सार्वजनिक प्रयोजनमा उपयोग गर्न आवश्यक सुरक्षा व्यवस्था मिलाइदिन सरकारसँग माग गरेको छ ।

नगर प्रमुख डा. दीपेन्द्र महतोले हस्ताक्षर गर्नुभएको यससम्बन्धी पत्र नगरपालिकाले शुक्रबार सार्वजनिक गर्दै सरकारी जग्गा अतिक्रमणमुक्त गराउन सुरक्षा सहयोग माग गरेको हो ।

नगरपालिकाका अनुसार गौशाला नगरपालिका-५ स्थित नेपाल सरकारको नाममा दर्ता रहेको साविक शिवभक्तिखोर गाविस-१, कित्ता नम्बर ११५ को पाँच बिघा तीन कट्ठा पाँच धुर जग्गा लामो समयदेखि विभिन्न व्यक्तिले अतिक्रमण गरी बसोबास गर्दै आएका छन् ।

उक्त जग्गामा बाल उद्यान निर्माण तथा हटबजार व्यवस्थापन गर्ने नगरपालिकाको योजना छ । सार्वजनिक प्रयोजनका लागि आवश्यक जग्गा खाली गराउन पटक-पटक सूचना जारी गर्दा पनि अतिक्रमण गरी बसेका व्यक्तिले जग्गा खाली गर्न अटेर गर्दै आएको नगर पालिकाले जनाएको छ ।

जग्गाको स्वामित्वसम्बन्धी विवादमा अतिक्रमणकारी पक्षबाट उच्च अदालत जनकपुर धाम र सर्वोच्च अदालतमा रिट निवेदनसमेत दायर भएको थियो । नगरपालिकाले सार्वजनिक गरेको पत्रअनुसार सर्वोच्च अदालतमा मुद्दा नम्बर ०८०-ऋक्ष-११७२ र उच्च अदालत जनकपुरधाममा उत्प्रेषण मिश्रित प्रतिषेधसम्बन्धी मुद्दा नम्बर ०८२-ध्इ-१२३५ दायर भएको थियो । दुवै अदालतबाट सम्बन्धित रिट निवेदन खारेज भइसकेको नगर पालिकाको दाबी छ ।

नगर प्रमुख महतोले सरकारी जग्गा सार्वजनिक सम्पत्ति भएकाले यसको संरक्षण र सदुपयोग गर्नु स्थानीय सरकार को दायित्व भएको बताउनुभएको छ । उक्त जग्गालाई अतिक्रमणमुक्त गरी बाल उद्यान निर्माण र हटबजार व्यवस्थापन गर्ने योजना कार्यान्वयनका लागि सुरक्षा सहयोग आवश्यक रहेको उहाँको भनाइ छ ।

नगरपालिकाले अतिक्रमित जग्गा खाली गराउने प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, मधेश प्रदेशको गृह तथा सञ्चार मन्त्रालय, जिल्ला प्रशासन कार्यालय महोत्तरी र प्रहरी प्रधान कार्यालयलगायतका निकायमा पटक-पटक पत्राचार गरेको जनाएको छ । तर, हालसम्म ती निकायबाट आवश्यक सुरक्षा प्रबन्ध उपलब्ध हुन नसकेको नगर प्रमुखद्वारा हस्ताक्षरित पत्रमा उल्लेख छ ।

नगरपालिकाले सुरक्षा निकायको सहयोग प्राप्त भएमा जग्गा खाली गराउने प्रक्रिया अघि बढाउने जनाएको छ । अतिक्रमणमुक्त भएपछि उक्त स्थानमा बाल उद्यान निर्माण गरी नगरवासीका लागि सार्वजनिक मनोरञ्जनस्थल उपलब्ध गराउनुका साथै हटबजारलाई व्यवस्थित बनाउन सकिने नगर पालिकाको अपेक्षा छ ।

सार्वजनिक सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने उद्देश्यले अघि सारिएको योजनालाई कार्यान्वयन गर्न सम्बन्धित निकायले आवश्यक सुरक्षा सहयोग उपलब्ध गराउनुपर्ने नगरपालिकाको माग छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक



# आस्था, प्रकृति र सामाजिक सद्भावको अनुपम उत्सव छठ पर्व

अजयकुमार साह

**'केरवा जे फरल घउरस,**
**ओपर सुगा मडराय,**
**मारबौ रे सुगवा धनुषस,**
**सुगा गिरे मुरझाय' ।**

छठ पर्वको यो लोकप्रिय लोकगीत यतिबेला मिथिलाञ्चलका गाउँसहरमा गुञ्जिरहेको छ । छठीमातालाई चढाइने पवित्र प्रसाद केरालाई चराचुरुङ्गीले नखाऊन् भन्ने भाव बोकेको यस गीतले छठको धार्मिक आस्था, पवित्रता र प्रकृतिप्रतिको प्रेमलाई एकसाथ अभिव्यक्त गर्छ । चार दिवसीय छठ पर्व आज देखि विधिवत सुरु भएको छ।

चार दिनसम्म विधिपूर्वक मनाइने छठ पर्व नजिकिएसँगै तराई-मधेशका गाउँबस्ती, सहर, बजार र जलाशयमा छुट्टै रौनक छाएको छ । घरआँगनदेखि नदी, पोखरी र तलाउसम्म सरसफाइ तथा सजावटले उत्सवमय बनेका छन् । बजारमा बाँसका सामग्री, माटाका भाँडाकुँडा, फलफूल, उखु, अदुवा, केरा, नरिवललगायत पूजाका सामग्री किनमेल गर्नेको चहलपहल बढेको छ । घरबाट टाढा रोजगारी र अध्ययनका लागि गएका परिवारका सदस्यसमेत पर्व मनाउन घर फर्किन थालेपछि गाउँबस्तीमा पारिवारिक भेटघाट र आत्मीयताको माहोल बनेको छ ।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी भन्नुहुन्छ, "छठ केवल धार्मिक अनुष्ठान मात्र होइन, प्रकृति, कृषि, संस्कृति, सामाजिक सद्भाव र पारिवारिक एकताको जीवन्त प्रतीक पनि हो । प्रत्यक्ष देखिने देवता मानिने सूर्यको उपासना गर्दै मनाइने यस पर्वमा अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई समान श्रद्धाका साथ अर्घ्य अर्पण गरिन्छ । संसारलाई प्रकाश, ऊर्जा र जीवन प्रदान गर्ने सूर्यप्रति कृतज्ञता व्यक्त गर्नु नै यस पर्वको मूल भाव हो ।"

## सूर्य उपासना र छठीमाताको महिमा

छठ पर्वमा सूर्यदेवसँगै षष्ठी देवी अर्थात् छठीमाताको पूजा गरिन्छ । पौराणिक मान्यताअनुसार षष्ठी माताले सन्तानको रक्षा गर्नुका साथै उनीहरूलाई स्वास्थ्य, दीर्घायु र सुख प्रदान गर्छिन् । सन्तान प्राप्ति, सन्तानको कल्याण, पारिवारिक सुख, शान्ति र समृद्धिको कामनासहित श्रद्धालुहरू यस पर्वमा कठोर व्रत बस्ने गर्छन् ।

धार्मिक मान्यताअनुसार प्रकृति देवीको छैटौँ अंशका रूपमा षष्ठी देवीको उत्पत्ति भएको हो । त्यसैले उहाँलाई षष्ठी भनिएको र स्थानीय बोलीचालीमा छठीमाता भन्ने गरिएको विश्वास छ । पुराणमा षष्ठी देवीलाई ब्रह्माकी मानसपुत्री तथा कात्यायनीका रूपमा समेत उल्लेख गरिएको पाइन्छ ।

छठीमाताको पूजा सुरु भएको सम्बन्धमा राजा प्रियव्रतको पौराणिक कथा प्रचलित छ । सन्तान नहुँदा दुःखी भएका राजा प्रियव्रतले महर्षि कश्यपको सल्लाहमा पुत्रेष्टि यज्ञ गराएका थिए । यज्ञपछि जन्मिएको शिशु मृत अवस्थामा जन्मिएपछि राजा शोकमा डुबेका थिए । त्यसैबेला दिव्य देवी प्रकट भई मृत शिशुलाई जीवन प्रदान गरेको धार्मिक कथन छ । देवीको कृपाबाट प्रभावित राजाले षष्ठी देवीको स्तुति गरेपछि छठ पूजाको परम्परा सुरु भएको जनविश्वास रहेको छ ।

सूर्यको उपासनाले आरोग्य, ऊर्जा, तेज, समृद्धि र सकारात्मक चेतना प्राप्त हुने धार्मिक विश्वास छ । रामायण र महाभार तकालीन कथासँग समेत सूर्य उपासनाको सम्बन्ध जोडिएको पाइन्छ । श्रीरामले रावणसँगको युद्धमा विजय प्राप्त गर्नुअघि आदित्य हृदयस्तोत्रको पाठ गरेको तथा श्रीकृष्णका पुत्र साम्बले सूर्यको उपासनाबाट कुष्ठरोगबाट मुक्ति पाएको पौराणिक प्रसङ्गले यस पर्वको धार्मिक महत्त्वलाई थप उजागर गर्छ ।

## चार दिन, चार विधि र कठोर आस्था

छठ पर्वको विशेषता यसको चार दिवसीय विधि हो । पुरोहित लालबाबु झाका अनुसार कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइने यस पर्वको प्रत्येक दिनको आफ्नै धार्मिक र सांस्कृतिक महत्व छ । चैत महिनामा पनि यही विधिअनुसार छठ मनाउने परम्परा छ, जसलाई चैती छठ भनिन्छ ।

पर्वको पहिलो दिनलाई 'नहाय-खाय' वा 'अरबा-अरबाइन' भनिन्छ । यस दिन व्रतालुहरू नदी, पोखरी तथा अन्य जलाशयमा स्नान गरी शुद्ध हुन्छन् । घरको सरसफाइ तथा पूजाको तयारी गरेपछि चोखो खाना ग्रहण गर्छन् । यस दिनदेखि नै व्रतालुले खानपानमा विशेष शुद्धता अपनाउँदै माछामासु, लसुन, प्याज लगायतका खाद्यवस्तु त्याग्ने गर्छन् ।



दोस्रो दिन अर्थात् पञ्चमीलाई 'खरना' भनिन्छ । यस दिन व्रतालुहरू दिनभरि निर्जला उपवास बसेर साँझ चन्द्रदर्शनपछि पूजा गर्छन् । नयाँ चुलोमा शुद्धतापूर्वक तयार पारिएको खीर, केरा र अन्य प्रसाद ग्रहण गरी परिवार तथा छरछिमेकलाई समेत प्रसाद वितरण गरिन्छ । खरनापछि व्रतालुले कठिन निर्जला व्रत सुरु गर्छन् ।

तेस्रो दिन षष्ठीका दिनलाई 'सझिया घाट' भनिन्छ । यस दिन गहुँ र चाममलाई परम्परागत जातो, ढिकी वा ओखलमा कुटेर तयार पारिएको पिठोबाट ठेकुवा, भुसुवा, कसारलगायतका प्रसाद बनाइन्छ । बाँसको सुप, डाला र अन्य भाँडामा उखु, नरिवल, केरा, अदुवा, फलफूल तथा विभिन्न कृषि उपज सजाएर साँझपख व्रतालुहरू जलाशयमा पुग्छन् । अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरी परिवारको सुख, शान्ति र समृद्धिको कामना गरिन्छ ।

पर्वको चौथो दिन सप्तमीमा बिहान सबेरै व्रतालुहरू पुनः जलाशयमा पुगेर उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गर्छन् । यसलाई 'पारन' भनिन्छ । बिहानको अर्घ्यसँगै चार दिनसम्मको कठिन व्रत सम्पन्न हुन्छ । त्यसपछि व्रतालुले प्रसाद ग्रहण गरी व्रत समापन गर्छन् ।

### सामाजिक सद्भाव र समानताको सन्देश

छठ पर्वको सबैभन्दा सुन्दर पक्ष सामाजिक समावेशिता र समानताको सन्देश हो । जात, धर्म, वर्ग, लिङ्ग र आर्थिक अवस्थाका आधारमा कुनै भेदभाव नगरी सबै समुदायका मानिस एकै ठाउँमा भेला भएर सूर्यको आराधना गर्छन् । धनी-गरिब, सानो-ठूलो सबैले एउटै जलाशयमा उभिएर अर्घ्य अर्पण गर्ने परम्पराले सामाजिक समानताको सन्देश प्रवाह गर्छ ।

समाजशास्त्री नागेन्द्र दुबे सूर्य उपासनाको परम्परामा छठलाई विशिष्ट पर्वका रूपमा व्याख्या गर्नुहुन्छ । उहाँका अनुसार अस्ताउँदो र उदाउँदो दुवै सूर्यलाई समान श्रद्धाका साथ पूजा गरिने भएकाले संसारका अन्य सूर्य उपासना परम्पराभन्दा छठको विशेष महत्त्व रहेको छ ।

छठले सामाजिक सम्बन्धलाई समेत बलियो बनाउने गरेको छ । वर्षौंदेखि भेटघाट हुन नसकेका आफन्त, साथीभाइ र छिमेकीलाई एकै ठाउँमा भेट्ने अवसर यस पर्वले प्रदान गर्छ । व्रतालुलाई सहयोग गर्ने, घाट सजाउने, सरसफाइ गर्ने र पूजा व्यवस्थापनमा सामूहिक सहभागिता जनाउने परम्पराले समुदायबीच सहकार्य र आत्मीयता बढाउँछ ।

केही वर्षअघिसम्म तराई-मधेशका समुदायको प्रमुख पर्वका रूपमा सीमित छठ अहिले राष्ट्रिय पहिचानको पर्व बन्दै गएको छ । पहाडी समुदायका महिला तथा अन्य समुदायका मानिससमेत श्रद्धापूर्वक छठ मनाउन थालेका छन् । कतिपय मुस्लिम समुदायका व्यक्तिहरू पनि यस पर्वको व्यवस्थापन र सामाजिक गतिविधिमा सहभागी हुने गरेका छन् । यसले छठलाई धार्मिक आस्थासँगै सामाजिक एकताको साझा उत्सवका रूपमा स्थापित गर्दै लगेको छ ।

## संस्कृति, कृषि र सीपको जीवन्त सङ्गम

प्राज्ञ रामभरोस कापडीका अनुसार छठ पर्वले स्थानीय कृषि उत्पादन, परम्परागत सीप र ग्रामीण अर्थतन्त्रलाई समेत जोडेको छ । उहाँले पर्वका लागि आवश्यक पर्ने सामग्रीमध्ये अधिकांश स्थानीय किसान, कुम्हाले र बाँसका हस्तकला सामग्री बनाउने समुदायको श्रमसँग सम्बन्धित रहेको बताउनुभयो।

माटाका कलश, दियो, हात्ती तथा अन्य सामग्री कुम्हाले समुदायले तयार गर्छन् भने बाँसको चोयाबाट बनाइने सुप, डाला, नाङ्लो, डगरा, सुपली, छैँटी र बेनालगायतका सामग्री डोम समुदायका हस्तकर्मीले तयार पार्छन् । छठमा यी सामग्रीको अनिवार्य प्रयोगले परम्परागत पेसा र सीपलाई निरन्तरता दिन सहयोग पुग्याएको छ ।

त्यस्तै, किसानले उत्पादन गरेका केरा, उखु, अदुवा, नरिवल, फलफूल, गहुँ र चाममललगायतका कृषि उपज छठका प्रमुख प्रसादका रूपमा प्रयोग हुन्छन् । गहुँको पिठोबाट बनाइने ठेकुवा, चामल र सक्खरबाट तयार पारिने खीर तथा अन्य परम्परागत परिकारले मिथिलाको मौलिक खानपान संस्कृतिलाई समेत उजागर गर्छन् ।

पर्वका अवसरमा गाउँसहरका सडक किनारमा लाग्ने बजारले स्थानीय उत्पादन र हस्तकलालाई उपभोक्तासम्म पुग्याउने अवसर प्रदान गर्छ । यसले किसान, व्यापारी, कुम्हाले, बाँसका सामग्री निर्माता तथा साना व्यवसायीको आम्दानी बढाउन सहयोग पुग्याउँछ । यस अर्थमा छठ धार्मिक आस्थासँगै स्थानीय अर्थतन्त्र चलायमान बनाउने महत्त्वपूर्ण अवसर पनि हो ।

### प्रकृतिप्रति कृतज्ञता र संरक्षणको सन्देश

छठ पर्वको अर्को महत्त्वपूर्ण पक्ष प्रकृतिप्रतिको सम्मान र संरक्षण हो । सूर्य, जल, भूमि, वनस्पति तथा कृषि उत्पादनलाई महत्व दिइने यस पर्वले मानव जीवन प्रकृतिसँग अभिन्न रूपमा जोडिएको सन्देश दिन्छ ।

खुला आकाशमुनि नदी, पोखरी र जलाशयमा उभिएर सूर्यलाई अर्घ्य अर्पण गर्ने परम्पराले पानी र वातावरणको महत्वलाई स्मरण गराउँछ । सूर्यको प्रकाशबिना कृषि उत्पादन र मानव जीवन सम्भव नहुने भएकाले किसानले वर्षभरि मिहिनेत गरेर उत्पादन गरेका अन्न तथा फलफूल सूर्यदेवलाई अर्पण गरी प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्छन् ।

जनकपुरधामका गङ्गासागर, धनुषसागर, रामसागर, रत्नसागर, विहारकुण्ड, रुक्मिणी सरोवर, अरगजा, महाराजसागर र अग्निकुण्डलगायतका ऐतिहासिक जलाशय छठ पर्वका बेला श्रद्धालुले भरिने गर्छन् । यस्ता जलाशयको सरसफाइ, संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता बढ्ने गरेको छ ।

छठले सफा जलाशय, स्वच्छ वातावरण र सामूहिक जिम्मेवारीको महत्त्व पनि उजागर गर्छ । तर, बढ्दो सहरीकरण र जलाशयमा फोहोर व्यवस्थापनको चुनौतीका बीच पर्वको मूल मर्मअनुसार जलस्रोत संरक्षणलाई व्यवहारमा उतार्नु आवश्यक देखिन्छ ।

यसरी छठ पर्व धार्मिक विश्वासमा आधारित अनुष्ठान मात्र नभई मिथिलाको मौलिक संस्कृति, कृषि जीवन, परम्परागत सीप, पारिवारिक आत्मीयता र सामाजिक सद्भावको साझा प्रतिबिम्ब बनेको छ । अस्ताउँदो सूर्यलाई अर्घ्य दिएर जीवनका कठिनाइप्रति धैर्य र उदाउँदो सूर्यलाई अर्घ्य दिएर नयाँ आशा तथा सम्भावनाको स्वागत गर्ने यस पर्वले मानव जीवनमा समानता, सहअस्तित्व र प्रकृतिप्रतिको कृतज्ञताको अनुपम सन्देश दिँदै आएको छ ।

# रास्वपा सभापति लामिछाने छठ पर्व अवलोकन गर्न आज जनकपुरधाम आउँदै



**खबर दर्पण समाचारदाता**
**कार्तिक २७ गते, बर्दिवास**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने छठ पर्व अवलोकन गर्न शनिबार जनकपुरधाम आउने हुनुभएको छ।

सुरक्षा स्रोतका अनुसार सभापति लामिछाने पत्नी निकिता लामिछानेसहित शनिबार जनकपुरधाम आउन लाग्नुभएको हो। उहाँ दुई दिन जनकपुरधाममा रहेर छठ पर्वको अवलोकन गर्नुहुने कार्यक्रम रहेको छ।

शनिबार दिउँसो हवाईमार्गबाट जनकपुरधाम आइपुग्ने लामिछानेको टोली मिथिला यात्री निवासमा बस्ने तयारी गरिएको स्रोतले जनाएको छ। यसैबीच,सोही निवासमा उहाँले पार्टीका नेता तथा कार्यकर्तासँग भेटघाट तथा छलफल गर्ने कार्यक्रमसमेत रहेको बताइएको छ।

लामिछानेको जनकपुरधाम भ्रमणलाई छठ पर्वको अवसर मा हुन लागेको धार्मिक तथा सांस्कृतिक गतिविधिसँग जोडेर हेरिएको छ।

# शव फेला परेको घटनाको विरोधमा रमादैयामा चक्काजाम



**खबर दर्पण समाचारदाता**
**कार्तिक २७ गते, बर्दिवास**

जनकपुरधामस्थित प्रादेशिक अस्पतालको परिसरमा एक पुरुषको शव फेला परेको घटनाको विरोधमा स्थानीयवासीले शुक्रबार जनकपुरधाम-ढल्केवर सडकखण्डअन्तर्गत रमादैयामा चक्काजाम गरेका छन्।

धनुषाको क्षीरेश्वरनाथ नगर पालिका-२ निवासी ४५ वर्षीय मैतु सदाको शव बिहीबार अस्पतालको पछाडिपट्टि शवगृह नजिकै फेला परेपछि आक्रोशित स्थानीयवासी तथा मृतकका आफन्तले सडक अवरुद्ध गर्दै विरोध प्रदर्शन गरेका हुन्।

प्रदर्शनकारीले घटनाको निष्पक्ष छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न, दोषीको पहिचान गरी तत्काल कानुनी कारबाही गर्न माग गरेका छन्। अस्पताल परिसरमै शव फेला पर्नु र मृतकको अवस्था शङ्कास्पद देखिनुले घटनाको गम्भीर अनुसन्धान आवश्यक रहेको उनीहरूको भनाइ छ।

मृतक सदाकी श्रीमती प्रादेशिक अस्पतालमा उपचाररत थिइन्। उनी विगत पाँच दिनदेखि श्रीमतीका लागि घरबाट खाना लिएर नियमित अस्पताल आउने गरेका थिए। तर, पछिल्लो तीन दिनदेखि परिवार तथा आफन्तको सम्पर्कमा नआएका सदाको शव अस्पतालको पछाडिपट्टि शवगृह नजिकै फेला परेको थियो।

मृतकका परिवारजनले उनको हत्या गरी शव फालिएको आशङ्का व्यक्त गरेका छन्। उनीहरूले मृतकको आँखासमेत निकालिएको आरोप लगाउँदै घटनाको गहिरो अनुसन्धान गर्न माग गरेका छन्। यद्यपि, उक्त आरोपको प्रहरीले पुष्टि गरिसकेको छैन।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले मृतकको पहिचान पुष्टि गर्दै घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको जानकारी दिनुभयो।

घटनाको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गर्दै गरिएको चक्काजामका कारण जनकपुरधाम-ढल्केवर सडकखण्डको रमादैया क्षेत्रमा यातायात सेवा प्रभावित भएको थियो।

# मधेशका मुख्यमन्त्री....

फिर्ता लिएका थिए।

दुई प्रमुख सहयोगी दलले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको छ। सरकार को निरन्तरताका लागि मुख्यमन्त्री यादवले विभिन्न दलसँग राजनीतिक समीकरण मिलाउने प्रयास गरिरहेका छन्।

एक सय सात सदस्यीय मधेश प्रदेशसभामा विश्वासको मत प्राप्त गर्न कम्तीमा ५४ सांसदको समर्थन आवश्यक पर्छ। प्रदेशसभामा नेपाली कांग्रेसका २२, नेकपा (एमाले) का २३, जनता समाजवादी पार्टी नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सांसद छन्। त्यस्तै, संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सांसद छन्।

प्रदेशसभाको अंकगणितअनुसार कांग्रेसका २२ सांसद मात्रै र हेकाले मुख्यमन्त्री यादवलाई विश्वासको मत प्राप्त गर्न थप ३२ सांसदको समर्थन आवश्यक देखिन्छ। यस्तो अवस्थामा जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र अन्य साना दलको भूमिका निर्णायक हुने देखिएको छ।

# सरकारको कार्यशैलीले लोकतन्त्र र विधिको .....

कांग्रेस चुप लागेर नबस्ने चेतावनी दिँदै उहाँले अर्को दुर्गानन्द झाहरु पनि जन्मिन सक्ने अभिव्यक्तिसमेत दिनुभयो।

सरकार दुई तिहाइको दम्भमा अघि बढिरहेको आरोप लगाउँदै उहाँले अन्य राजनीतिक दललाई कमजोर बनाउने र दलभित्रै खेल्ने प्रयास भइरहेको बताउनुभयो।

कांग्रेसलाई नियोजित रूपमा विभिन्न आरोप लगाएर कमजोर बनाउने प्रयास भइरहेको उल्लेख गर्दै उहाँले यस्ता गतिविधिबाट पार्टी कमजोर नभई अझ सशक्त भएर अघि बढ्ने दाबी गर्नुभयो।

महामन्त्री पौडेलले कांग्रेस सभापति गगन थापालाई पक्राउ गर्न सक्ने भन्दै फैलाइएका हल्लाले पार्टीलाई कमजोर बनाउन नसक्ने बताउँदै उहाँले सरकारले विधिको शासन मिचेर अघि बढ्न खोजे कांग्रेसले सशक्त प्रतिवाद गर्ने चेतावनी दिँदै लोकतन्त्र र कानुनी शासनको रक्षाका लागि पार्टी निरन्तर संघर्षरत रहने बताउनुभयो। साथै, कांग्रेस आफैँ पनि विधि र पद्धतिअनुसार सञ्चालन हुनुपर्नेमा उहाँले जोड दिनुभयो।

कांग्रेसको १५औँ महाधिवेशनबारे बोल्दै पौडेलले सबैलाई समेटेर महाधिवेशन सम्पन्न गर्ने प्रयास सफल नभए पनि महाधिवेशन विधिसम्मत प्रक्रियाबाटै सम्पन्न भएको दाबी गर्नुभयो। अब पार्टीलाई नयाँ ढंगले अघि बढाउँदै संगठनलाई थप व्यवस्थित बनाउनुपर्ने उहाँको भनाइ थियो।

महान्त्री पौडेलले सरकारले स्थानीय तहलाई जनप्रतिनिधिविहीन बनाउने अवस्था सिर्जना गरिरहेको आरोपसमेत लगाउनुभयो। स्थानीय तहको निर्वाचन मिति कार्यकाल समाप्त हुनुभन्दा छ महिनाअघि नै घोषणा हुनुपर्ने संवैधानिक व्यवस्था रहेको उल्लेख गर्दै उहाँले सरकार को गतिविधि निर्वाचन गराउने दिशामा केन्द्रित नभएको बताउनुभयो।

मधेश प्रदेशमा एमालेले सरकार लाई दिएको समर्थन फिर्ता लिएपछि कांग्रेस सभापति गगन थापाले एमाले अध्यक्ष केपी शर्मा ओलीसँग गर्नुभएको भेटलाई राजनीतिक रूपमा अन्य अर्थ लगाउन नहुने उहाँको भनाइ थियो।

मधेश प्रदेशमा नेपाली कांग्रेसकै नेतृत्वमा सरकार कायम रहोस् भन्ने आफ्नो चाहना रहेको स्पष्ट पार्दै महान्त्री पौडेलले त्यसका लागि कांग्रेसले कुनै पनि प्रकारको अनैतिक राजनीतिक गठबन्धन नगर्ने बताउनुभयो।

उहाँले लोकतन्त्रको रक्षा, विधिको शासनको स्थापना र नागरिकको अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि कांग्रेस प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।


## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

औरही नगरपालिका, महोत्तरी

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

गौशाला नगरपालिका, महोत्तरी

# सरकारको कार्यशैलीले लोकतन्त्र र विधिको शासन सङ्कटमा : कांग्रेस महान्त्री पौडेल

**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, बर्दिवास**

नेपाली कांग्रेसका महान्त्री प्रदीप पौडेलले वर्तमान सरकारको कार्यशैलीले लोकतन्त्र र विधिको शासन कमजोर बनाउँदै मुलुकलाई अराजकतातर्फ धकेल्ने खतरा बढाएको बताउनुभएको छ ।

जनकपुरधाममा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले सरकारले प्रश्न गर्ने नागरिकलाई थुन्ने, अपमानित गर्ने र विधिको शासनको मर्मविपरीत व्यवहार गर्ने प्रवृत्ति देखाएको आरोप लगाउनुभयो । विगतमा प्रश्न गर्नेहरूलाई हेप्ने प्रवृत्ति रहेको उल्लेख गर्दै उहाँले अहिले प्रश्न उठाउनेहरूलाई नै नियन्त्रणमा लिने र दबाउने काम भइरहेको बताउनुभयो ।

पुराना राजनीतिक दलको विरोध गर्दै उदाएको नयाँ पार्टी नै भ्रुन् बढी अराजक बन्न खोजेको आरोप लगाउँदै महासचिव पौडेलले पछिल्ला घटनाक्रमले सरकारको व्यवहार लोकतान्त्रिक मूल्य र मान्यताविपरीत रहेको देखाएको बताउनुभयो ।

उहाँले सुनकोशी-मरिण डाइभर्सन आयोजना देखि सञ्चारगृहमा प्रवेश गरी पत्रकार पक्राउ गरिएको घटनालाई सरकारको स्वेच्छाचारी कार्यशैलीको उदाहरणका रूपमा प्रस्तुत गर्नुभयो । यस्ता गतिविधि निरन्तर भए नेपाली

*बाँकी पृष्ठ ३ मा*



# मधेश प्रदेशसभाको अधिवेशन शनिबारदेखि आह्वान

**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, बर्दिवास**

मधेश प्रदेशसभाको अधिवेशन शनिबारदेखि सुरु हुने भएको छ । प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेशसभाको अधिवेशन आह्वान गरेका छन् ।

प्रदेश प्रमुखको कार्यालयले शुक्रबार विज्ञप्ति जारी गर्दै २०८३ साल कार्तिक २८ गते शनिवार दिउँसो १ बजेदेखि लागू हुने गरी प्रदेशसभाको अधिवेशन आह्वान गरिएको जनाएको छ । मधेश प्रदेश मन्त्रिपरिषद्को कार्तिक २७ गते बसेको बैठकले




प्रदेशसभा अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयका आधारमा प्रदेश प्रमुखबाट अधिवेशन आह्वान गरिएको प्रदेश प्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रदेशसभाको अधिवेशन आह्वानसँगै शनिबार दिउँसो १ बजेदेखि प्रदेशसभाको बैठक बस्ने बाटो खुलेको छ ।

# छठ पर्व नजिकिएसँगै औरही बजारमा किनमेल गर्नेको चहलपहल बढ्यो



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**कार्तिक २७ गते, महोत्तरी**

दसैँ र तिहार सकिएसँगै तराई-मधेशमा लोकआस्थाको महापर्व छठको रौनक बढेको छ। छठ पर्व नजिकिएसँगै महोत्तरीको औरही नगरपालिका-१ स्थित औरही बजारमा फलफूल,तरकारी तथा पूजासामग्री खरिद गर्नेको चहलपहल बढेको हो।

बजारमा छठ पूजाका लागि आवश्यक केरा, नरिवल, स्याउ, सुन्तला, उखु, सखरखण्ड, मुला, अदुवा र बेसारलगायत फलफूल तथा कन्दमूलको किनमेल बढेको छ। त्यसैगरी बाँसबाट बनेका सुप, नाङ्लो, डालो र टोकरीका साथै माटोका हात्ती, दियो, अगर बत्ती र धूपलगायत पूजासामग्रीको मागसमेत बढेको स्थानीय व्यापारीले बताएका छन्।

छठ पर्वमा व्रतालुहरूले अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरी सूर्यदेव र छठी माताको विधिपूर्वक पूजा आराधना गर्ने परम्परा छ। यस अवसरमा परिवारको सुख, शान्ति, समृद्धि तथा सन्तानको सुख र दीर्घायुको कामना गरिन्छ।

तराई-मधेशमा विशेष श्रद्धा, भक्ति र उल्लासका साथ मनाइने छठ पर्व पछिल्लो समय काठमाडौँ उपत्यकासहित देशका विभिन्न स्थानमा समेत उत्साहपूर्वक मनाउन थालिएको छ। पर्व नजिकिएसँगै बजारमा बढेको चहलपहलले स्थानीय व्यापार व्यवसायसमेत चलायमान बनेको छ।


नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति २०५९।१२।२० मा दर्ता भएको प्रा.लि.नं.२३२९९ भएको मार्फा मुस्ताङ्ग एक्सपोर्ट इम्पोर्ट (प्रा.ली.) को २०८३।०७।२७ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**

**कीर्तिपुर न.पा.वडा नं. ०४ ,काठमान्डौ**

**सम्पर्क नम्वरः९८४३२४५९८२**



नेपाल सरकार

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेजी गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८।०४।१५ मा दर्ता भएको प्रा.लि.नं.२६६१९८ भएको पिके स्प्रिङ्ग वाटर (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।२७ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।



**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**सोनमा गाउँपालिका, महोत्तरी**


**खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८५)**

**उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३)** E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

**प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,**